# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-४ श्रावण, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक खर्चको विवरण अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को प्रदेश सरकारको खर्चमा कमी आएको छ। संघबाट प्राप्त हुने अनुदान लक्ष्य अनुसार प्राप्त नहुँदा प्रदेशको समग्र आयमा कमी भएको छ। राजस्व संकलनको अनुपातमा संघबाट वित्तीय समानीकरण अनुदान प्राप्त हुने भएकोले प्रदेशको आयमा गत वर्षको तुलनामा न्यून भएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ मा (असार २५ सम्मको प्रारम्भिक विवरण अनुसार) प्रदेशको कुल खर्च गत आर्थिक वर्षको तुलनामा ७.८ प्रतिशतले कमी भई रु. २८ अर्ब ३६ करोड ७८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.८ अर्ब ३६ करोड ८ लाख, पूँजीगत खर्च रु.१६ अर्ब ३६ करोड ६ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीनको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| चालु खर्च | ९२२१४ | ९०९८३ | ८३६०८ |
| पूँजीगत खर्च | १६८३९२ | १८११२५ | १६३६०६ |
| स्थानीय तह अनुदान | ३९०५८ | ३५४६९ | ३६४६४ |
| जम्मा खर्च | २९९६६४ | ३०७५७७ | २८३६७८ |
| विनियोजनको तुलनामा खर्च % | ८६.२% | ७७.०% | ७७.०% |

**प्रारम्भिक स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

२. आर्थिक वर्ष २०८०/८१ को असारसम्मको प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असार महिनामा रु.८ अर्ब १९ करोड ६९ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

तालिका (ख) चालु आर्थिक वर्षको प्रदेश सरकारी खर्चको मासिक विवरण (रु.लाखमा)

| महिना | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | जम्मा मासिक खर्च | खर्च भार % |
|---|---|---|---|---|---|
| श्रावण | १८७ | ० | ० | १८७ | ०.१ |
| भदौ | १७१८२ | ३४० | ० | १७५२२ | ६.२ |
| असोज | ८२९७ | ८२३२ | ६५७२ | २३१०१ | ८.१ |
| कात्तिक | ३२४६ | ५१८३ | २९८ | ८७२७ | ३.१ |
| मंसिर | ४३४१ | ४५९६ | ३३१ | ९२६८ | ३.३ |
| पुष | १८६९ | ३१७५ | २३८६ | ७४३० | २.६ |
| माघ | ८६३४ | १३६९५ | ३७०५ | २६०३४ | ९.२ |
| फाल्गुन | ४३८४ | १००८७ | ४३४२ | १८८१३ | ६.६ |
| चैत्र | ६६३३ | १५६०२ | ३३१४ | २५५४९ | ९.० |
| बैशाख | ६५८६ | १३८७० | १७१६ | २२१७२ | ७.८ |
| जेष्ठ | ७३७८ | २५९०९ | ९६१९ | ४२९०६ | १५.१ |
| असार | १४८७१ | ६२९१७ | ४१८१ | ८१९६९ | २८.९ |
| जम्मा | ८३६०८ | १६३६०६ | ३६४६४ | २८३६७८ | १००.० |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

३. आ.व.२०८०/८१ को असारसम्मको प्रारम्भिक विवरण अनुसार चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फको खर्च कायम बजेटको क्रमशः ६९.० प्रतिशत, ७८.४ प्रतिशत र ९५.३ प्रतिशत खर्च भएको छ। गत आ.व.२०७९/८० को असार मसान्तसम्म चालु, पूँजीगत र स्थानीय तह अनुदान तर्फ क्रमशः ७५.० प्रतिशत, ७६.६ प्रतिशत र ८५.५ प्रतिशत खर्च भएको थियो।

**तालिका (ग) पछिल्लो तीन वर्षको बजेट विनियोजन र असार मसान्तसम्मको खर्च स्थिति** (रु.लाखमा)

| बजेट शीर्षक | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % | विनियोजन | खर्च | प्रगति % |
| चालु खर्च | ११७७७३ | ९२२१४ | ७८.३ | १२१३८३ | ९०९८३ | ७५.० | १२१०८९ | ८३६०८ | ६९.० |
| पूँजीगत खर्च | १८७६१९ | १६८३९२ | ८९.८ | २३६४३१ | १८११२५ | ७६.६ | २०८७५५ | १६३६०६ | ७८.४ |
| स्थानीय तह अनुदान | ४१९१७ | ३९०५८ | ९३.२ | ४१४६१ | ३५४६९ | ८५.५ | ३८२४७ | ३६४६४ | ९५.३ |
| वित्तीय व्यवस्था | ३०० | ० | - | ० | ० | - | १०० | ० | - |
| जम्मा | ३४७६०९ | २९९६६४ | ८६.२ | ३९९२७५ | ३०७५७७ | ७७.० | ३६८१९१ | २८३६७८ | ७७.० |
| सुरु बजेट | ३२४६९२ | | | ३९७३८३ | | | ३६७४३५ | | |
| संघ सशर्त अनुदान थप | २२९१७ | | | १८९२ | | | ७५६ | | |

**प्रारम्भिक* *स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

## प्रदेश सरकारको आय

४. गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म कोशी प्रदेश सरकारको राजस्व र अनुदान रु.२८ अर्ब ७५ करोड २७ लाख प्राप्ति भएकोमा चालु आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा यस्तो आयमा ३.७ प्रतिशतले कमी आई रु.२७ अर्ब ७० करोड ७ लाख (वार्षिक अनुमानको ८५.२%) प्राप्ति भएको छ। संघ वित्तीय समानीकरण अनुदानको अनुमान रु.८ अर्ब ७८ करोड ३८ लाख रहेकोमा नेपाल सरकारको निर्णयबाट रु.२ अर्ब २७ करोड ४१ लाख (२५.९%) कटौती भई रु.६ अर्ब ५० करोड ९७ लाख (७४.१%) मात्र प्राप्त भएको छ।

**तालिका (घ) पछिल्लो तीन आर्थिक वर्षको असार मसान्तसम्मको राजस्व र अनुदान प्राप्तिको स्थिति** (रु.लाखमा)

| आय शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | १००२३६ | ९१५०४ | १००००९ |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ४४८४९ | ३८१६३ | ४१६५४ |
| संघ वित्तीय समानीकरण अनुदान | ८५६७८ | ७८८२२ | ६५०९७ |
| संघ सशर्त अनुदान | ८१३९६ | ६५०८८ | ५५३४७ |
| संघ समपूरक अनुदान | ११६४८ | ९२०० | ७३०० |
| संघ विशेष अनुदान | ५९३३ | ४७५० | ७६०० |
| जम्मा | ३२९७४० | २८७५२७ | २७७००७ |

**प्रारम्भिक* *स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

५. आ.व.२०८०/८१ मा आन्तरिक राजस्वको वार्षिक लक्ष्य ४ अर्ब ५७ करोड ७८ लाख रहेकोमा असार मसान्तसम्म रु.४ अर्ब १६ करोड ५४ लाख (९१%) प्राप्ति भएको छ। यसैगरी संघीय राजस्व बाँडफाटको वार्षिक लक्ष्य रु.११ अर्ब ६४ करोड ८१ लाख रहेकोमा असार मसान्तसम्म रु.१० अर्ब ९ लाख (८५.९%) र संघ अनुदान चारवटाको जम्मा रु.१६ अर्ब ११ करोड ७० लाख वार्षिक अनुमान रहेकोमा २०८१ असार मसान्तसम्म जम्मा रु.१३ अर्ब ५३ करोड ५४ लाख (८४%) प्राप्ति भएको छ।

तालिका (ङ) पछिल्लो तीन वर्षको आय अनुमान र असार मसान्तसम्मको प्राप्तिको स्थिति (रु.लाखमा)

| आय शीर्षक | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्राप्ति | प्रगति % | लक्ष्य | प्राप्ति | प्रगति % | लक्ष्य | प्राप्ति | प्रगति % |
| आन्तरिक राजस्व | ४०९७७ | ४४८४९ | १०९ | ४९८४५ | ३८१६३ | ७६.६ | ४५७७८ | ४१६५४ | ९१.० |
| संघीय राजस्व बाँडफाँड | ९८१६६ | १००२३६ | १०२ | ११८८२४ | ९१५०४ | ७७.० | ११६४८१ | १००००९ | ८५.९ |
| संघ अनुदान | १६२९३६ | १८४६५५ | ११३ | १९०९९१ | १५७८६० | ८२.७ | १६११७० | १३५३४४ | ८४.० |
| वैदेशिक अनुदान | २६१३ | ५११ | २० | २५६८ | ३७८ | १४.७ | १५०५ | - | - |
| नगद मौज्दात | २०००० | ४१०६१ | २०५ | ३५१५५ | ७१६४८ | २०३.८ | ४२५०१ | ५१९७६ | १२२.३ |
| जम्मा | ३२४६९२ | ३७१३१२ | ११४ | ३९७३८३ | ३५९५५३ | ९०.५ | ३६७४३५ | ३२८९८३ | ८९.५ |

** प्रारम्भिक*    *स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

## राजस्व परिचालन

६. २०८१ असार मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत गरी प्रदेश सञ्चित कोषमा रु.१४ अर्ब १६ करोड ६३ लाख **(वार्षिक लक्ष्यको ८७.३%)** राजस्व संकलन वा प्राप्ति भएको छ। राजस्व संकलनको मासिक विवरण हेर्दा चैत्र महिनामा सबैभन्दा बढी प्राप्त भएको देखिन्छ।

**तालिका (च) आ.व.२०८०/८१ मा प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ० | ० | ० | ५७३ | ६५ | ११५१ | ६३ | १२२ | १९७४ |
| भदौ | ० | ९८० | ८३ | ४६१ | ५५ | २९५ | १ | ४१ | १९१६ |
| असोज | १३८३७ | ८५५ | ७२१ | ५०६ | ८२ | ४०४ | ६७ | १६० | १६६३२ |
| कात्तिक | ७५९८ | ० | ७५२ | ३३४ | ३१ | ७७ | ० | ६४ | ८८५६ |
| मंसिर | ५९७७ | १८५१ | ११९२ | ५२८ | ५९ | १७२ | ६ | १०० | ९८८५ |
| पुष | ७४५६ | ० | १४ | १४३ | १५ | ३९ | ० | ६७ | ७७३४ |
| माघ | ९२७६ | ३३४८ | ११०२ | ९२४ | १३८ | १३६ | ५३१ | ३३४ | १५७८९ |
| फागुन | १०४५६ | १२१४ | ६४४ | ५०४ | ६७ | २४७ | २६७ | २७१ | १३६७० |
| चैत्र | १५५८० | ११५५ | २२२५ | ५६४ | ९५ | १०८ | ३६ | ६०६ | २०३६९ |
| बैशाख | ८६७१ | २३३५ | ४७१ | ४७२ | ६७ | ३८ | ८७ | २१० | १२३५१ |
| जेष्ठ | ८८०३ | ८८६ | १८५९ | ५४७ | ७९ | १०९ | ४५ | १६९ | १२४९७ |
| असार | १२३५५ | १२६९ | ३५०६ | ५६६ | १०२ | ४३६ | १४९१ | २६५ | १९९९० |
| जम्मा प्राप्ति | १००००९ | १३८९३ | १२५६९ | ६१२२ | ८५५ | ३२१२ | २५९४ | २४०९ | १४१६६३ |
| वार्षिक लक्ष्य | ११६४८१ | १३५०० | १४५०० | ८४०० | ९०० | ३८०० | २०६० | २६१८ | १६२२५९ |
| प्रगति % | ८६% | १०३% | ८७% | ७३% | ९५% | ८५% | १२६% | ९२% | ८७.३% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

(नोटः स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)